कर्णालीमा चाडपर्वलक्षित सुरक्षा योजना

# पाँच हजार ३१४ प्रहरी परिचालन

नन्दराम जैशी
*सुर्खेत, २१ असोज*

विभिन्न पर्वलाई लक्षित गर्दै कर्णाली प्रदेश प्रहरीले सुरक्षा योजना लागू गरेको छ। नेपालीहरूको महान् चाड बडादसैं, तिहार, नेपाल संवत् तथा छठ पर्वलाई लक्षित गर्दै प्रहरीले सुरक्षा योजना लागू गरेको हो।

चाडपर्वका क्रममा हुन सक्ने आपराधिक तथा अवाञ्छित गतिविधि नियन्त्रण, सडक दुर्घटना न्यूनीकरण र सडक अनुशासन कायम गर्न प्रदेश प्रहरी कार्यालयले विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याएको जनाएको छ। कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार घटस्थापनादेखि छठ पर्व समाप्तिसम्म अर्थात् २०८३ असोज २५ गतेदेखि २०८३ कात्तिक ३० गतेसम्म चाडपर्व लक्षित सुरक्षा योजना लागू हुनेछ।

चाडपर्वको समयमा नागरिकको स्वतन्त्रता, धार्मिक तथा सांस्कृतिक आस्था, सम्पत्ति, जनधन, उपभोक्ताको अधिकार तथा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको सुरक्षालाई सुनिश्चित गर्ने उद्देश्यले योजना तयार गरिएको प्रहरीले जनाएको छ। चाडपर्वका बेला बैंक तथा वित्तीय संस्था, सुनचाँदी तथा गरगहना पसल र आर्थिक कारोबार हुने स्थानमा सुरक्षा जोखिम बढ्न सक्ने अनुमान छ। विभिन्न गन्तव्यतर्फ जाने यात्रुको चाप बढ्ने तथा फरार कैदीबन्दी र अभियुक्तहरू घरवतनमा आउन सक्ने सम्भावनालाई समेत मध्यनजर गरी सुरक्षा निगरानी र प्रहरी परिचालन बढाइएको हो। चाडपर्वलक्षित सुरक्षा योजना कार्यान्वयनका लागि कर्णाली प्रदेशका १० जिल्लामा विभिन्न प्रकृतिका एक हजार ४६२ वटा ड्युटी तोकिएको छ।

ती ड्युटीमा पाँच हजार ३१४ जना प्रहरी जनशक्ति परिचालन गरिएको प्रदेश प्रहरीले जनाएको छ। आवश्यकता अनुसार रिजर्भ प्रहरी कार्यालयबाट थप प्रहरी टोलीसमेत परिचालन गर्ने व्यवस्था मिलाइएको छ। प्रहरी परिचालनअन्तर्गत २८ वटा मोबाइल गस्ती, ९८ वटा मोटरसाइकल गस्ती, ६० वटा क्यूआरटी परिचालन, १४८ वटा पैदल गस्ती तथा २०४ वटा लामो तथा छोटो दूरीका गस्ती सञ्चालन हुनेछन्। त्यस्तै, १७६ स्थानमा पिकेट, ६७ स्थानमा नियमित, विशेष तथा आकस्मिक चेकिङ र ४७ स्थानमा ट्राफिकसहित संयुक्त चेकिङ गरिनेछ।




महत्वपूर्ण प्रतिष्ठान, धार्मिक तथा पर्यटकीय स्थलको सुरक्षाका लागि ३८ स्थानमा सुरक्षा व्यवस्था मिलाइएको छ। यात्रु तथा नागरिकका समस्या समाधान गर्न अन्तर्राष्ट्रिय सीमासमेत गरी ३७ स्थानमा यात्रु सहायता तथा नागरिक सहायता कक्ष स्थापना गरिनेछ।

त्यसैगरी २४ स्थानमा माइकिङ तथा प्रचारप्रसार, ३१ स्थानमा बैंक तथा वित्तीय संस्था सुरक्षा र बजार अनुगमन, १० वटा विशिष्ट व्यक्ति सुरक्षा ड्युटी तथा अन्य विभिन्न प्रकृतिका ४९४ वटा ड्युटी परिचालन गरिने प्रहरीले जनाएको छ।

**अपराध नियन्त्रण प्राथमिकता**

प्रहरीले अवाञ्छित तथा आपराधिक गतिविधि रोकथाम गर्दै नागरिकलाई सुरक्षित र भयमुक्त वातावरणमा चाडपर्व मनाउने अवस्था सिर्जना गर्ने लक्ष्य लिएको छ।

सार्वजनिक स्थल, मेला तथा पर्व हुने स्थानमा झै-झगडा, हुलदंगा तथा अन्य आपराधिक गतिविधि हुन नदिन विशेष निगरानी गरिने प्रहरीले जनाएको छ। यस्तै, बजारमा हुने कृत्रिम अभाव, मूल्यवृद्धि, कालोबजारी तथा ठगी नियन्त्रणका लागि बजार अनुगमनलाई प्रभावकारी बनाइने उल्लेख छ। खाद्यान्नलगायत अत्यावश्यक वस्तुको कृत्रिम अभाव हुन नदिन अनुगमन गरी सहज आपूर्तिको व्यवस्था मिलाउने प्रहरीको योजना छ।

सार्वजनिक यातायातमा तोकिएभन्दा बढी भाडा असुल्ने, क्षमताभन्दा बढी यात्रु तथा मालसामान राख्ने र यात्रुमाथि दुर्व्यवहार गर्ने गतिविधिमाथि निगरानी गरिनेछ। सडक दुर्घटना न्यूनीकरण, सडक सुशासन तथा सहज आवागमनका लागि ट्राफिक प्रहरीसहित संयुक्त चेकिङलाई प्राथमिकता दिइने प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सुरक्षा योजनाअन्तर्गत अवैध हातहतियार तथा विस्फोटक पदार्थको ओसारपसार र प्रयोगमा नियन्त्रण गरिनेछ। पटका, आतशबाजी तथा अन्य विस्फोटक पदार्थको अवैध आयात, ओसारपसार तथा प्रयोग रोक्न कडाइका साथ चेकजाँच गर्ने प्रहरीको तयारी छ।

त्यस्तै, अवैध लागूऔषधको ओसारपसार तथा बिक्री वितरण, अवैध मदिरा उत्पादन तथा बिक्री वितरण, जुवातास, डाइस, लंगुरबुर्जा, कौडा तथा अनलाइन सट्टेबाजीजस्ता गतिविधिमाथि निगरानी बढाइनेछ। अवैध भन्सार चोरी तथा तस्करी नियन्त्रणका लागि समेत सुरक्षा जाँचलाई प्रभावकारी बनाइने प्रहरीको योजना छ।

**फरार कैदीबन्दी र अभियुक्तको खोजी तीव्र**

चाडपर्वका समयमा सम्भावित आपराधिक जोखिमलाई मध्यनजर गर्दै फरार प्रतिवादी तथा विभिन्न आन्दोलनका क्रममा कारागारबाट फरार रहेका कैदीबन्दीको खोजी तथा पक्राउलाई तीव्रता दिइने भएको छ। त्यस्तै, आन्दोलनका क्रममा देशका विभिन्न प्रहरी कार्यालयबाट लुटिएका हातहतियार तथा गोलीगट्ठाको बरामद र संलग्न व्यक्तिको पक्राउलाई पनि प्राथमिकतामा राखिएको छ।

यस्ता हतियार तथा गोलीगट्ठाको दुरूपयोग हुन नदिन सुरक्षा निगरानी बढाइने प्रहरीले जनाएको छ। सुरक्षा योजनामा धार्मिक तथा सांस्कृतिक सम्पदा र पर्यटकीय स्थलको सुरक्षा व्यवस्थालाई समेत प्राथमिकता दिइएको छ। सरकारी कार्यालय, महत्त्वपूर्ण प्रतिष्ठान तथा विशिष्ट र अतिविशिष्ट व्यक्तिको सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाइएको छ।

धार्मिक तथा साम्प्रदायिक सद्भावमा असर पर्ने कुनै पनि घटना हुन नदिन विशेष निगरानी गरिने प्रहरीले जनाएको छ। चाडपर्वका बेला सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रुलाई ठगी तथा दुर्व्यवहारबाट जोगाउन यात्रु सहायता कक्ष सञ्चालन गरिनेछ। यात्राका क्रममा सामान तथा झोला छुटेर हराएमा खोजतलास तथा आवश्यक सहजीकरणसमेत गरिने प्रहरीले जनाएको छ।

सुरक्षा योजना कार्यान्वयनपछि चाडपर्वका अवधिमा अपराध रोकथाम तथा नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण, चोरी, डकैती तथा लुटपाट नियन्त्रण हुने प्रहरीको अपेक्षा छ। त्यस्तै, सार्वजनिक सवारीमा बढी भाडा असुल्ने, दुर्व्यवहार गर्ने तथा क्षमताभन्दा बढी यात्रु र मालसामान राखेर सवारी चलाउने गतिविधिमा नियन्त्रण हुने अपेक्षा गरिएको छ।

# १९ सयभन्दा बढी नयाँ मतदाता थपिए




मिसन संवाददाता
*जुम्ला, २१ असोज*

जिल्लामा मतदाता नामावली अद्यावधिक गर्ने क्रम तीव्र बनेसँगै एक हजार ९०६ नयाँ मतदाता थपिएका छन्। निर्वाचन आयोगले मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यक्रम अघि बढाएपछि राष्ट्रिय परिचयपत्र र जैविक विवरण (बायोमेट्रिक)का आधारमा नयाँ मतदाता थपिएका हुन्।

जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी दिपेन्द्र कँडेलका अनुसार मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यक्रम गत चैत २२ गतेदेखि सुरु भएको हो। यसअन्तर्गत हालसम्म राष्ट्रिय परिचयपत्रमार्फत मात्रै एक हजार ८२५ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन्।

कार्यालयमै उपस्थित भएर बायोमेट्रिक विवरणमार्फत थप ८१ जनाले नाम दर्ता गराएका छन्। यसले जुम्लामा नयाँ मतदाता थपिने प्रक्रियामा राष्ट्रिय परिचयपत्रको प्रयोग बढ्दै गएको छ। परिचयपत्र बनाइसकेका नागरिकले अनलाइन प्रणालीमार्फत तुलनात्मक रूपमा सहज ढंगले मतदाता नामावलीमा नाम दर्ता गर्न थालेपछि निर्वाचन कार्यालयमा प्रत्यक्ष उपस्थित हुनेको सङ्ख्या सीमित हुँदै गएको हो।

निर्वाचन कार्यालयले नयाँ मतदाता थप्ने कामसँगै मतदाता नामावलीको शुद्धीकरणलाई पनि समानान्तर रूपमा अघि बढाएको छ। आयोगको अद्यावधिक कार्यक्रमअन्तर्गत नाम, ठेगाना तथा अन्य विवरणमा देखिएका त्रुटि सच्याउने र बसाइँसराइका आधारमा मतदाता विवरण स्थानान्तरण गर्ने काम भइरहेको छ। जसमा अहिलेसम्म १०२ जना मतदाताको विवरण अद्यावधिक गरिएको छ।

यस्तै, जिल्लाका आठवटै स्थानीय तहसँगको समन्वयमा मृत्यु भएका १८६ जना मतदाताको नाम मतदाता नामावलीबाट हटाइएको छ। यसले निर्वाचनको समयमा वास्तविक मतदाताको सङ्ख्या पहिचान गर्न र दोहोरो तथा मृत व्यक्तिको नाम मतदाता सूचीमा कायम रहने सम्भावना घटाउन सहयोग गर्ने निर्वाचन कार्यालयको विश्वास छ।

कार्यालयका अनुसार जिल्लामा हाल ७१ हजार ३७९ मतदाता छन्। पछिल्लो चरणमा एक हजार ९०६ नयाँ मतदाता थपिएसँगै जिल्लाको मतदाता संरचनामा नयाँ पुस्ताको सहभागिता बढ्दै गएको हो। राष्ट्रिय परिचयपत्र बनाइसकेका नागरिकलाई अनलाइनबाटै मतदाता नामावलीमा नाम दर्ता गर्ने सुविधा उपलब्ध भएपछि दुर्गम जिल्लाका नागरिकका लागि निर्वाचनसम्बन्धी प्रशासनिक प्रक्रिया केही सहज बनेको छ।

यसले विगतमा कार्यालयसम्म पुगेर नाम दर्ता गर्नुपर्ने बाध्यतालाई समेत कम गर्ने अपेक्षा गरिएको छ। त्यसैले निर्वाचन कार्यालयले नयाँ मतदाता दर्तासँगै विवरण शुद्धीकरणलाई पनि प्राथमिकतामा राखेको जनाएको छ। निर्वाचन अधिकारी कँडेलका अनुसार नयाँ मतदाता दर्ता तथा मतदाता विवरण अद्यावधिक गर्ने काम नियमित रूपमा भइरहेको छ।

# हिमपातले जनजीवन प्रभावित

मिसन संवाददाता
*हुम्ला, २१ असोज*

जिल्लामा लगातारको वर्षा र हिमपातका कारण जनजीवन प्रभावित भएको छ। जिल्लाका उच्च हिमाली क्षेत्रमा बाक्लो हिमपात भएपछि चीनसँगको सीमा जोड्ने हिल्सा तथा लिमी जाने प्रमुख सडक अवरुद्ध भएका छन्।

नाम्खा गाउँपालिका-५ स्थित नारा लेक र वडा नं ६ को न्यालु लेकमा साढे तीन फिटभन्दा बढी हिउँ जम्दा यातायात सेवा ठप्प भएको छ। हिमपातका कारण लिमी र हिल्सा क्षेत्रसँगको सडक सम्पर्कविच्छेद भएपछि स्थानीयले तत्काल हिउँ पन्छाएर सडक सञ्चालनमा ल्याउन माग गरेका छन्। न्यालु र नारा लेकमा बाक्लो हिउँ जमेकाले लिमीको आवागमन पूर्ण रूपमा बन्द भएको लिमीका वडा अध्यक्ष पाल्जोर तामाङले बताए।

उनका अनुसार दुवै लेकको सडकमा जमेको हिउँ पन्छाउने व्यवस्था गर्न स्थानीय प्रशासनसँग आग्रह गरिएको छ। दुवै लेकमा हिउँ जमेर सडक बन्द हुँदा लिमीका बासिन्दालाई अत्यावश्यक कामका लागि समेत समस्या भएको छ। 'बिरामी वा अन्य अत्यावश्यक कामले बाहिर जानुपरे हेलिकोप्टर चार्टर गर्नुपर्ने अवस्था छ,' उनले भने, 'असोजको पहिलो सातादेखि नै लिमी आवागमन बन्द भएकाले सडकमा जमेको हिउँ हटाएर तत्काल यातायात सेवा सञ्चालन गर्नुपर्नेछ।'

उनका अनुसार करिब पाँच हजार मिटर उचाइमा रहेको न्यालु लेक लिमी जाने प्रमुख नाकामध्ये एक हो। चार हजार ६७० मिटर उचाइमा रहेको नारा लेक पनि हिल्सा आवतजावतका लागि महत्वपूर्ण सडकखण्ड हो। नारा लेकमा साढे तीन फिटसम्म हिउँ जमेको र जेसिबी प्रयोग नगरी सडक खुलाउन कठिन रहेको सशस्त्र प्रहरी बल सीमा सुरक्षा चौकी हिल्साका सशस्त्र प्रहरी निरीक्षक केदार सापकोटाले बताए।

हिमपातका कारण सडक अवरुद्ध भएपछि हिल्सामा रहेका स्थानीय, होटल व्यवसायी तथा सरकारी सुरक्षाकर्मीसमेत प्रभावित भएका छन्। मानसरोवर होटलकी सञ्चालक पेमा लामाले नारा लेकमा जमेको हिउँ पन्छाएर यातायात सेवा सञ्चालन गर्न माग गरिन्। उनका अनुसार दसैं-तिहार नजिकिँदै गर्दा ताक्लाकोटमा रहेका हुम्लाका स्थानीयलाई घर फर्किनसमेत समस्या भएको छ।

'यस वर्ष हिल्सामा विगत १५ वर्षयताकै पहिलोपटक असोज १० गतेदेखि नै हिमपात सुरु भएको हो,' उनले भनिन्, 'यसअघि कात्तिकपछि मात्रै हिल्सामा यति धेरै हिउँ पर्ने गरेको थियो, तर यसपाली असोजदेखि नै भारी हिमपात भयो।'

**मुख्य तथा ग्रामीण सडक अवरुद्ध**

उच्च हिमाली क्षेत्रमा हिमपात भइरहेका बेला जिल्लाको तल्लो क्षेत्रमा भने लगातार वर्षा भइरहेको छ। अविरल वर्षापछि बाढी, पहिरो र ढुंगा खस्दा सिमकोट-हिल्सा सडक, कर्णाली करिडोर तथा जिल्लाका सातवटै गाउँपालिकाका ग्रामीण सडकमा क्षति पुगेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक शंकर खड्काका अनुसार पहिरो र ढुंगा खस्दा विभिन्न स्थानमा सडक अवरुद्ध भएका छन् भने बाढीले कल्भर्टलगायतका संरचनामा क्षति पुऱ्याएको छ। सदरमुकाममा विद्युत् अवरोधसमेत भएकाले क्षतिको पूर्ण विवरण संकलन गर्न कठिनाइ भइरहेको उनले बताए।

कर्णाली करिडोरअन्तर्गत कवाडीदेखि हिल्सासम्मका विभिन्न स्थानमा पहिरो र ठूला ढुंगा खसेर सडक अवरुद्ध भएको छ। पहिरो र ढुंगा पन्छाएर कवाडी-गिउसी सडकखण्ड सञ्चालनमा ल्याइएको तथा निरन्तर काम भए माथिल्लो खण्डसमेत सञ्चालनमा ल्याउने प्रयास भइरहेको प्रहरीले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंका अनुसार जिल्लाका ग्रामीण सडकमा ७० भन्दा बढी स्थानमा पहिरो खसेको छ। अवरुद्ध सडक सञ्चालनमा ल्याउन स्थानीय तहसँग समन्वय भइरहेको उनले बताए। अवरुद्ध सडक खुलाउन जिल्ला प्रशासन कार्यालयमा कमान्ड पोस्टको बैठक नियमित रूपमा बसेर सम्बन्धित निकायसँग समन्वय भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी चन्द्रवीर शाहीले बताए। वर्षाले ताँजाकोट गाउँपालिका केन्द्र जाने सडकमा समेत क्षति पुऱ्याएको छ। अदानचुली गाउँपालिका केन्द्रदेखि वडा नं ५ र ६ जाने सडक अवरुद्ध हुँदा विद्यार्थीलाई विद्यालय जानसमेत समस्या भएको वडा नं ५ का वडा सदस्य सिंह बोहोराले बताए।


**Bheri Municipality**
**Office of the Municipal Executive**
**Khalanga, Jajarkot**
**Karnali Province, Nepal**

**Invitation for Hardcopy Sealed Bids**

**Date of publication: 2083-06-22**

1. The Bheri Municipalityinvites ***sealed*** bids for following works from eligible bidders under the National Competitive Bidding Procedures.
2. The name and identification of the contracts are as follows:

| S. N. | Name of Procurement & Contract Identification No. | Estimate Amount (With VAT, Contingency & PS Amount. ) | Bid Document Purchase | Submission Date & Time Bid Document & Opening Date & Time | Bid Security Amount | Cost of Bid | Bid Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | वडा नं. २ को पोखरा ओखेना देखी वडा नम्बर ६ सिमलपाखा सम्म सडक निर्माण भेरी न.पा. वडा नं. २ र ६। ***BM/NCB/WORKS-01/2083/2084*** | NRs.1,00,17,730.17/- | 2083-07-11. Time: 12:00 PM | Submission Date: 2083-07-12. Time: 12:00 PM Opening Date: 2083-07-12. Time: 2:00PM | NRs. 2,25,000/- | NRs. 3,000/- For each | 90 days for each | |
| 2 | बरकाल्ने देखि बाखखोर हुदै काफलचौर जोड्ने सडक वडा नं. ५। ***BM/NCB/WORKS-02/2083/2084*** | NRs.24,98,844.68/- | | | NRs. 55,000/- | | | |
| 3 | डिंगा तिमिले जोड्ने सडक वडा नं. २। ***BM/NCB/WORKS-03/2083/2084*** | NRs.35,01,364.01/- | | | NRs. 85,000/- | | | |
| 4 | ११ नं. वडा कार्यालय प्रशासनिक भवन निर्माण भेरी न.पा. ११। ***BM/NCB/WORKS-04/2083/2084*** | NRs.1,00,00,000/- | | | NRs. 2,55,000/- | | | |
| 5 | *जगतिपुर - काफलचौर सडक निर्माण भेरी नगरपालिका ११ र ५ ।* ***BM/NCB/WORKS-05/2083/2084*** | NRs.1,00,00,000/- | | | NRs. 2,55,000/- | | | |
| 6 | लक्ष्मी मावि फिल्ड तथा घेरावार निर्माण भेरी ६ । ***BM/NCB/WORKS-06/2083/2084*** | NRs.20,00,000/- | | | NRs. 45,000/- | | | |

3. For more details please visit Bheri Municipality Office of the Municipal Executive Bheri Municipality, Khalanga, Jajarkot, Karnali Province, Nepal. Contact number: 9858080357 Email: bherimun@gmail.com or www.bherimun.gov.np.

**Chief Administive Officer**